# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
**Kaski, Nepal**


चलानी नं.:/Ref.No. २०८०/०८१  मिति : २०८०/०६/०९

## पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट परीक्षाको योग्यताक्रम सूचि (Merit List) प्रकाशित सम्बन्धि सूचना !

पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८० बाट विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), (ख) र (ग) को मिति २०८०/०५/२५ गते प्रकाशित गरिएको उत्तिर्ण सूचि **(Pass List)** का उम्मेदवारहरुलाई मात्र अनलाईन फाराम भर्दा Transcript र Character Certificate पेश नगरेको भए मिति २०८०/०६/०८ गतेसम्म पेश गर्न दिएको समयभित्र Transcript र Character Certificate पेश गरेका सम्बन्धित उम्मेदवारहरुको मात्र पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियमानुसार संलग्न बमोजिमको योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा सम्बधित सबैको लागी जानकारी गराइन्छ ।

प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको उम्मेदवारहरुलाई School Type–**Public** र अन्य सबैलाई School Type–**Others** हुनेगरी उम्मेदवारहरुको सूचि, खुला र आरक्षणको विवरण सहित योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराइन्छ ।

आज मिति २०८०/०६/०९ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको School Type–**Public** का उम्मेदवारहरुले मात्र तपशिल बमोजिम हुनेगरी मिति २०८०/०६/०९ गतेदेखि मिति २०८०/०६/१६ गतेसम्म आफुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रमहरुको विवरण पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराममा भर्नुहुन समेत जानकारी गराईन्छ । School Type–**Others** का उम्मेदवारहरुलाई पनि शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंटका लागी अनुसूचि-(४) सँग सम्बन्धित अनलाईन फाराम भर्नका लागि नियमानुसार अर्को सूचना मार्फत जानकारी गराईनेछ ।


P.O. Box 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail: info@pu.edu.np
URL: https://pu.edu.np. Tel.: +977-61-504046/504039

पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref.No. २०८०/०८५

यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ।

क) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका सम्बन्धित उम्मेदवारहरुले अनलाइन मार्फत अनुसूचि फाराम भर्दा आफ्नो नाम समावेश भएको संकायबाट बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक कार्यक्रम छनौंट गर्न सकिनेछ। साथै १ वटा शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक संस्था पनि छनौंट गर्न सकिनेछ। उम्मेदवारहरुले शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्दा दिएको शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको विवरण हेरी छनौंट गर्नुपर्नेछ। एकपटक छनौंट गरेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रमलाई पुन: सच्चाउन पाईनेछैन।

ख) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** को School Type–**Public** मा समावेश भएका उम्मेदवारहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंट गर्न अनुसूचि-४ को अनलाईन फाराममा विवरण भर्नुपर्नेछ। उक्त विवरण भर्न उम्मेदवारहरुले आफ्नो Dashboard मा रहेको **Anusuchi Application** मा गएर विवरण भर्नुपर्नेछ।

ग) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ।

घ) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** का सम्बन्धमा अस्पष्ट भएमा मिति २०८०/०६/११ गतेसम्म **puscholarship@pu.edu.np** मा mail गरी जानकारी गराउँन सकिनेछ। सोधपुछका लागि mail गर्दा उचित र आवश्यक विषयवस्तुमा मात्र mail गरिदिनुहुन जानकारी गराईन्छ।

आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार स्नातक तह छात्रवृत्ति छनौंट समितिमा निहित रहनेछ।

.........................
रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८०

P.O. Box 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail: info@pu.edu.np
URL: https://pu.edu.np. Tel.: +977-61-504046/504039